# चामुण्डाविन्द्रासैनी नगरपालिका
## जम्बुकाँध, दैलेख
## नीति तथा कार्यक्रम-०७८/०७९

**यस गरिमामय नगर सभाका सभाध्यक्ष महोदय,**

**नगरसभाका सदस्यज्यूहरु,**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको समग्र आर्थिक-सामाजिक-साँस्कृतिक रुपान्तरणका लागि आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई एकदमै गौरव लागेको छ । यस अवसरमा जनताको शासन स्थापना गर्न विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । विश्वमहामारीको रुपमा फैलिएको कोरोना भाइरस महामारीले पनि हामी एकदमै आक्रान्त छौ र यस घडीमा महामारीको कारणले आफ्नो ज्यान गुमाउनुहुने प्रति श्रद्धाञ्जली व्यक्त गर्दछु र सक्रमित सबैको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु साथै यस संवेदनशिल अवस्थामा सरकारले तोकेका मापदण्डहरुको पानला गरि आ-आफ्नो सुरक्षित रहन पनि अनुरोध गर्दछु ।

राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रूपान्तरणमा उहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्ग भएका योद्धा र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान पुऱ्याउने महान व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधानले गरेको तीन तहको राज्य संरचनाको व्यवस्था अनुसार स्थानीय तहको निर्वाचन भएको चौथो वर्ष पुरा भई पाँचौ तथा अन्तिम वर्षमा प्रवेश गरि सकेको यस परिस्थतिमा चामुण्डा विन्द्रासैनी नगरपालिकाले पनि चार वर्षको अवधिमा धेरै सफलता र चुनौतीहरुको सामना गर्दै आर्थिक वर्ष २०७८/२०७९ को लागि नीति तथा कार्यक्रम ल्याएको छु ।

यहाँ सम्म आइसकेको यस घडिमा हाम्रा बीचमा दलीय तथा व्यक्तिगत स्वार्थहरु टाढा राख्दै विशुद्ध जनताको सेवा गर्ने उद्देश्यका साथ विगतका सफलता र असफलताहरुबाट पाठ सिक्दै आगामी दिनमा यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको विकासलाई अझ परिष्कृत र प्रभावशाली रुपमा जनताको माझ लैजान सुन्दर र समृद्ध चामुण्डाविन्द्रासैनी नगरपालिका निर्माणका लागि कोरोना भाइरस (कोभिड-१९) को महामारीले मुलूकको अर्थतन्त्र कमजोर भइरहेको वर्तमान अवस्थामा यस नगरपालिकाले पनि स्वास्थ्य सुरक्षाका अनेक चुनौतीहरु सँग संघर्ष गर्दै न्यून स्रोत साधनले नागरिकहरुका धेरै अपेक्षाहरु पुरा गर्ने ध्येयका साथ आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**विगतका वर्षमा यस नगरपालीकाले गरेका मुख्य उपलब्धिहरु**

१. **"फराकिलो मन फराकिलो विचार फराकिलो बाटो"** सडक निर्माणको लागि तय गरिएको यस नगरपालिकाको मुल नारा अनुरुप नगरपालिकाको मुख्य सडकको रुपमा रहेको **सांगेतडा-पाल्त** सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि कर्णाली प्रदेश सरकार र यस नगरपालिकाको लगानीमा सडक निर्माण, विस्तार, स्तरोन्नती तथा मर्मत सम्भार गरि सडकलाई नियमित सुचारु गरिएको छ, भने अन्य सडकहरुलाई पनि निर्माण, विस्तार, स्तरोन्नती तथा मर्मत गरि यातायात सुचारु गरिदै आएको छ र हाल सम्म यस नगरपालिकामा १११ कि.मी. कच्ची सडक २२ कि.मी. ग्राभेल सडक र ८ कि.मी. कालोपत्रे सडक गरि जम्मा १४१ कि.मी. सडक निर्माण गरिएको छ ।

२. यस नगरपालिकाको वडा नं. १, २ र ३ मा सामुदायिक विद्युतीकरणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको छ भने अन्य सबै वडा (४-९) मा केन्द्रीय प्रशारण लाइनबाट विद्युतीकरण गर्ने गरि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको छ । हालसम्म यस नगरपालिकाको वडा नं. ५, ६ र ८ मा केन्द्रीय विद्युत प्रशारण लाईन सुचारु भईसकेको छ भने विद्युत सेवा नपुगेका अन्य स्थानमा यसै वर्ष विद्युत लाईन विस्तार कार्यलाई प्रमुख प्राथमिकताका साथ निरन्तरता दिईने छ ।

३. नगरपालीका क्षेत्रमा खानेपानीको टड्कारो समस्यालाई समाधान गर्नका लागि धुपिधारा लिप्ट खानेपानी सम्पन्न भईसकेको छ, मजुवा खानेपानी निर्माणको काम तदारुपकताका साथ अगाडि बढिरहेको छ भने कर्णाली विन्द्रासैनी लिफ्ट खानेपानी योजनाबाट यसै वर्ष वडा नं. ९ को डौसुरमा खानेपानी सुविधा पुर्‍याउने गरि निर्माणको कामलाई जोड दिइने छ । खानेपानीको समस्या समाधान गर्न नगर तथा वडास्तरीय बजेट तथा कार्यक्रमबाट खानेपानीका योजना निर्माण गरि खानेपानीको सुविधा उपलब्ध गराइको छ ।

४. पर्यटन प्रवद्धनका लागि यस नगरपालिका वडा नं. ६ स्थित बत्काचौरलाई नगरपार्कको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि नगरपार्कको घेराबार गर्ने काम, नौफुटका दुईवटा तरवार, १५०० किलोको घण्ट, सहिद पार्क, ९ जना सहिदका शालिक र सामुदायिक भवन निर्माण भइसकेको छ भने अन्य पूर्वाधारहरु तयार भईरहेका छन् र नगरपार्क निर्माण कार्य सम्पन्न गर्नका लागि प्रमुख प्राथमिकताका साथ निरन्तरता दिईनेछ ।

५. यस नगरपालिकाको केन्द्र देखि सम्पूर्ण वडा केन्द्रहरुमा सडक संजाल पुगेको र यसलाई स्तरोन्नतीका लागि यसै वर्षमा प्रमुख प्रथामिकताका साथ निरन्तरता दिईने छ ।

६. **"एक वडा एक खेल मैदान"** र्निमाण गर्ने नगरपालिकाको नीति अनुसार वडा नं. १ को रमणीय चौरमा, वडा नं. २ को चाल्नेमा, वडा नं. ३ को हाडाकोटमा, वडा नं. ४ को पोखेखालमा, वडा नं. ५ को खापरथानमा, वडा नं. ६ को बाग्दुलामा, वडा नं. ७ को सुगुरदहमा, वडा नं. ८ को विन्द्रासैनीमा र वडा नं ९ को रिङरोडमा खेलमैदान निर्माण गरिएका छन् भने पोखेखाल खेलमैदान र विन्द्रासैनी खेलमैदान यस नगरपालिकाकाका ठूला खेल मैदानहरु हुन र यी खेलमैदानहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) समेत तयार भइसकेको छ ।

७. स्थानीय पाठ्क्रम र अभिभावक शिक्षामाला तयार भइसकेको र यसै वर्ष देखि पाठ्यपुस्तक तयार गरि कार्यान्वयनमा ल्याइने छ ।

८. **"एक वडा एक नर्सरी"** स्थापना गर्ने नगरपालिकाको नीति अनुसार वडा नं. १ मा ओखरको नर्शरी, वडा नं. २ मा वनस्पतिको नर्सरी, वडा नं. ३ मा फलफूलको नर्सरी, वडा नं. ४ मा एभोगाडोको नर्सरी वडा नं. ५ मा बहुआयामिक नर्सरी, वडा नं. ६ मा आँपको नर्सरी, वडा नं. ८ मा फलफूल तथा डालेघाँस र वरपिपलको नर्सरी र वडा नं. ९ मा फलफूलको नर्सरी स्थापना गरिएको छ र यस वर्षमा पनि नर्सरी व्यवस्थापन कार्य लाई निरन्तरता दिईने छ ।

९. नगरको नीतिगत व्यवस्था अनुसार वडा नं. १ देखि ९ सम्म करिव २०००० मेहेल कलमी तयार गरिएको र यस वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१०. **"एक वडा एक संरक्षित आयमूलक"** जंगल वनाउने नीति अनुसार विभिन्न जंगलहरुलाई आयमूलक बनाउन वनस्पति, घाँस तथा फलफूलका विरुवाहरु रोपण गरिएको र यसको प्रभावकारी कार्यान्वयनका लागि निरन्तरता दिईने छ ।

११. यस नगरपालीकाको वडा नं. १ को तिजडाँडा र वडा नं. ८ को भोटेको चौतारामा बसपार्क निर्माण गरिसकिएको छ भने वडा नं ६ को जम्बुकाँधमा टेम्पोपार्क निर्माण गरिएको छ भने वडा नं. ६ को लेकडाँडामा देउमलकार्की उद्यान र वडा नं ६ को गाडेसालमा हेलिप्याड निर्माण गरिएको छ र यस वर्ष स्तरोन्नति गरिने छ ।

१२. नगरपालिका क्षेत्रभित्र नगरबासीलाई स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ भने सहज आवतजावतको व्यवस्था गर्न नगर वस सेवा सञ्चालन गरिएको छ ।

१३. विगतका वर्षहरुमा **"एक निर्वाचित जनप्रतिनिधी एक जनप्रतिनिधी संरक्षित वन कार्यक्रम"** सञ्चालन मार्फत नगरपालिकाको वन क्षेत्रलाई संरक्षण गरिएको छ भने आगामी आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४. कामका लागि पारिश्रमिकमा आधारित प्राथमिकीकरण मार्गदर्शन कार्यविधि, २०७६ मा रहि ७३३ जना महिला र ९१० जना पुरुष गरि जम्मा १६४३ जना कामदार छनौट गरि दैनिक ज्याला रु.५१७ का दरले, ३२ वटा सडक मर्मत तथा निर्माण, ८ वटा विद्यालयको खेलमैदान तथा पर्खाल निर्माण, १० वटा भवन निर्माण साँझेदारी, २ वटा तटबन्ध निर्माण र २ वटा पहिरो नियन्त्रण साँझेदारी गरि जम्मा ५४ वटा योजना छनौट गरि औषत ७५ दिन रोजगार दिई कार्यक्रम कार्यान्वयन गरिएको छ ।

१५. यस नगरपालिका अन्तर्गत आ.व.०७७/०७८ मा निवेदन दर्ता गराएका बेरोजगार आवेदनलाई अध्यावधिक गरि रोजगार व्यवस्थापन सूचना प्रर्णालीमा समावेश गरि आ.व.०७८/०७९ मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम, रोजगार सेवा केन्द्रमा ३१७८ महिला र ४०४२ पुरुष गरि जम्मा ७२२० आवेदन रोजगार व्यवस्थापन सूचना प्रणालीमा समावेश गरिएको छ ।

## आधारभूत स्वास्थ्य तथा सरफाइ इकाईबाट आ.व.०७७/०७८ मा सञ्चालन गरिएका कार्यक्रम तथा उपलब्धिहरु

१. यस नगरपालिकाको वडा नं. ८ विन्द्रासैनीमा १५ शैयाको अस्पताल स्वीकृत भई मिति २०७७ मंसिर महिनाको १५ गते शिलान्यस भएको थियो र हाल अस्पताल भवन निर्माणको लागि ठेक्का प्रक्रिया पुरा भइ सकेको छ र विन्द्रासैनी स्वास्थ्य चौकीमा ल्याब स्थापना गरि हाल सञ्चालनमा रहेको छ ।

२. यस नगरपालिका अन्तर्गत गर्भवती महिला, अपांग र जेष्ठ नागरिकहरुलाई घरदैलो मै पुगि निःशुल्क स्वास्थ्य उपचार गरिदैं आएको छ र आगामी आ.व.मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३. क्षय रोगको बिरामीहरुको खोज पड्ताल गरि २५ जनाको स्याम्पल संकलन गरिएको थियो । जस मध्ये ३ जना औषधिको रेसिस्टेन्ट को बिरामी पत्ता लागेको थियो । महिलाहरुको पाठेघरको जाँच तथा स्क्रिनिङ क्याम्प सञ्चालन गरि जम्मा ७६ जनालाई जाँच गरिएको थियो जसमध्ये २ जना क्यान्सर को संकास्पद बिरामी पत्ता लागेका थिए र नीजहरुलाई उपचारको लागि सम्वन्धित अस्पतालमा रिफर गरिएको थियो ।

४. कोरोना भाइरस कोभिड-१९ को दोस्रो भेरियन्ट रोग नियन्त्रणका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको टोली घरदैलोमा पुगि जनचेतना प्रवाह गरिएको छ भने वडा कार्यालयहरुमा मास्क तथा स्यानिटाइजर वितरण गरिएको छ । साथै प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुमा पल्स अक्सिमिटर उपलब्ध गराइएको छ ।

५. विन्द्रासैनी कोभिड अस्थायी अस्पतालमा रहेको आइसोलेसनमा अत्यावश्यक स्वास्थ्य सामाग्रीको व्यवस्था गरि कोरोना भाइरस कोभिड-१९ का संक्रमितहरुलाई उपचार गर्न अक्सिजन सिलिण्डर ३ वटा, अक्जिन कन्सन्टेटर

१ वटा पल्स अक्सिमिटर १० वटा १५ वटा वेडहरु (लक्कर स्टेण्ड सहित), १ वटा भाइटल मनिटर र ५ वटा नेवुलाइजरको व्यवस्था गरिएको छ ।

६. यस नगरपालिकामा आ.व.०७७/०७८ सम्म ८१ जनाको RDT परीक्षण गरिएको र ५ जना पोजेटिभ भेटिएका, ४९८ जनाको PCR परीक्षण गरिएको र १७ जना पोजिटिभ भेटिएका र १६३ जनाको एन्टिजेन परीक्षण गरिएको र ४१ जना पोजेटिभ भेटिएका थिए । जम्मा संक्रमित ५८ जना मध्ये ५६ जना निको भइसकेका र २ जना मात्र सक्रिय संक्रमित रहेका छन् । हाल सबै संक्रमितको अवस्था सामान्य रहेको छ ।

७. सर्वसाधारण तथा स्वास्थ्यको पहुँच भन्दा टाढा रहेका समुदायको स्वास्थ्य सेवामा पहुँच वृद्धिका लागि सवै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन गरिएको र थप व्यवस्थापनका लागि निरन्तरता दिईने छ ।

८. विन्द्रासैनीमा १५ सैयाको अस्पताल स्वीकृत भई सकेकोले उक्त अस्पताललाई साधन स्रोत सम्पन्न बनाउन यस वर्ष प्रथामिकताका साथ अगाडि वढाइने छ ।

## शिक्षा यूवा तथा खेलकुद शाखाबाट आ.व.०७७/०७८ मा सञ्चालन गरिएका कार्यक्रम तथा उपलब्धीहरु

१. चामुण्डा मा.वि.हाडाकोटमा नमुना विद्यालय सुधार गुरुयोजना अनुसार १ करोड पचास लाखको भौतिक पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन भइ रहेको छ र यस कार्यक्रमबाट ६ कोठे २ तले विद्यालय भवन, ४ कोठे २ तले विद्यालय भवन, चमेना गृह र पर्खाल निर्माण गरिएको छ ।

२. यस नगरपालिका वडा नं. १ मा रहेको आनन्द मा.वि. र वडा नं. ६ लैनचौरमा रहेको जनता मा.वि.मा ४ कोठे बिग विल्डिङ भवन निर्माण भएकाछन भने, आदर्श आ.वि. चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ३, सरस्वती आ.वि. चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ४ र खापर आ.वि.चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ५ मा WASH सुविधा सहितको शौचालय निर्माण गरिएको छ । भैरव मा.वि. डौसुर र कालिमा मा.वि.नेत्रपानीमा विज्ञान प्रयोगशाला स्थापना गरिएको छ । अम्कोट आ.वि. चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं. ८ र आनन्द मा.वि. चापागाँउ वडा नं. १ मा कम्प्यूटर ल्याव स्थापना गरिएको छ ।

३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १३ वटा विद्यालय छनौट भई २ वटा विद्यालयमा २ कम्प्यूटर ल्याब स्थापना र ११ वटा विद्यालयहरुमा २ कोठे पक्की भवन निर्माण कार्य भईरहेको छ ।

४. कक्षा १ देखि कक्षा ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरि यसै शैक्षिक सत्र २०७८ देखि कक्षा १ र ६ मा लागु गरिएको छ ।

५. अभिभावक जिम्मेवारी तथा शिक्षाका लागि अभिभावक शिक्षामाला निर्माण गरि लागु गरिएको छ ।

६. नगरप्रमुख छात्रवृति कार्यक्रमबाट यस आ.व.०७७/०७८ मा प्राविधिक धार तर्फ उच्च शिक्षा अध्ययनरत र विज्ञान विषयमा स्नत्तकोतरमा अध्ययनरत ४ जना विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराइएको छ । आगामी आ.व.मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७. सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालविकास कक्षा देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई विद्यालयमा टिकाइराख्न र उनीहरुको शारीरिक तथा मानसिक विकासका लागि तोकिएका पौष्टिक तत्वहरुको मात्रा रहने गरि दिवाखाजा कार्यक्रम सञ्चालन गरिएको छ ।

८. हावाहुरी र वर्षातको कारण क्षती भएका विद्यालयहरुमा विद्यालय विपद् व्यवस्थापनका लागि अनुदान वितरण गरिएको छ ।

९. कोभिड-१९ विषम परिस्थितिमा कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि मुख्य विषयहरु र जीवन उपयोगी सीप समेत समेटी रेडियो हाम्रो समावेशी एफ.एम.९८.३ मेगाहर्जबाट रेडियो कार्यक्रम सञ्चालन गरिएको छ ।

१०. यस नगरपालिका अन्तर्गत संचालित २४ वटा विद्यालयका १९३५ जना किशोरी छात्राहरुलाई सेनिटरी प्याड वितरण गरिएको छ ।

११. विद्यालयमा लेखा व्यवस्थापन तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनका लागि ४४ जना शिक्षकहरुलाई लेखा तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम दिइएको छ ।

१२. १० वटा माध्यमिक विद्यालयहरुलाई माध्यमिक तह अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक व्यवस्थापनका लागि शिक्षण सहयोग अनुदान वितरण गरिएको छ ।

१३. बालबालिकाहरुको सिकाई निरन्तरताका लागि कोभिड-१९ शिक्षा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र समूह निर्माणका लागि गृहकार्य भइरहको छ ।

१४. यस नगरपालीकाको शिक्षा क्षेत्रलाई सुधार गर्न र गुणात्मक शिक्षाको विकासका लागि नगरपालीकाले आफ्नो शिक्षा ऐन र नियमावली पारित गरि कार्यान्वयन गरिसकिएको छ ।

१५. व्यवसायमूलक तथा व्यवहारिक शिक्षाका लागि वडा नं ३ मा तीन वर्षे बालिविज्ञान (आई.एस.सी. एजी.) विषयमा कृषी कलेज सञ्चालन गरिएको छ ।

१६. प्रत्येक विद्यालयमा १/१ वटा बालशिक्षा कोटाको व्यवस्थापन गरिएको छ र नेपाल सरकारले लिएको नीति र यस नगरपालिकाको आन्तरिक स्रोतको आधारमा बालशिक्षालाई व्यवस्थापन गरिएको छ

१७. शैक्षिक सत्र २०७६/०७७ देखि आधारभूत तह उर्त्तीर्ण परीक्षा कक्षा ८ को नतिजा सफ्टवयर मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ । आगामी आ.व.मा यसलाई थप प्रभावकारी बनाउदै लगिने छ ।

१८. यस नगरपालिका भित्र रहेका प्रधानाध्यापकहरुको मासिक बैठक मार्फत समस्या तथा सिकाईहरु आदानप्रदान गर्ने परिपाटीको विकास गरिएको छ ।

१९. यस नगरपालिका अन्तर्गत संचालित विभिन्न सामुदायिक विद्यालयका ५३ जना प्रधानाध्यापकहरुलाई विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तालिम दिइएको छ ।

## आर्थिक विकास शाखा अन्तर्गत कृषि विकास शाखाबाट वडा नं. १ मा हिउँदे फलफूलका बिरुवा वितरण गरिएको छ ।

१. यस नगरपालिकको वडा नं. ६ मा तरकारी बाली उत्पादन तथा प्रदर्शन गरिएको छ र वडा नं. १ मा हिउँदे फलफूलका बिरुवा वितरण गरिएको छ ।

२. यस नगरपालिकाको वडा नं. ४ मा बिउ उत्पादन तथा प्रशोधन केन्द्र स्थापना गरिएको छ

३. साना सिंचाइ कार्यक्रम अन्तर्गत ४ वटा सिंचाई पोखरी र ८००० मिटर पाईप वितरण गरिएको छ ।

४. वडा नं. ५ र ६ मा मकैपकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिएको छ र वडा नं. ६ मा फलफूल खेतीका लागि अनुदान वितरण गरिएको छ ।

## आर्थिक विकास शाखा अन्तर्गत पशुपंक्षी शाखाबाट संचालित कार्यक्रमहरु र प्राप्त उपलब्धीहरु

१. यस चामुण्डाविन्द्रासैनी नगरपालिकामा रहेको पशु सेवा शाखा पशु सेवालाई व्यापक बनाउन, जनमुखी र उपलब्धिमूलक बनाउन स्थापना भएको हो । हाल यस नगर क्षेत्रमा पशु पालन पद्धती परम्परागत प्रर्णालीमै रहेको देखिन्छ । परम्परागत प्रणालीलाई व्यवसायीक बनाउन यस शाखाको प्रमुख उद्देश्य रहेको छ । पशु उत्पादन क्षेत्रको लाभ लागत घटाउन व्यापक रुपमा पोषिलो खालको डाले घास, भूईघास र दानाको गाई भैसी बाखाको दानामा कटौती गर्न सकिन्छ । हाल यस नगरपालिकामा २१ वटा बाखा फार्म, १५ वटा भैसी फार्म, २० वटा लोकल कुखुरा फार्म, ७ वटा बंगुर फार्म, ५९ वटा मिश्रित वा कृषि तथा पशु पंक्षि फार्म, यस शाखामा दर्ता भएका छन् । यसै गरि व्यवसायिक कुखुरा फार्म बाखा फारम र भैसी फार्म स्थापित भई विगत बर्ष भन्दा हाल पशुपालन क्षेत्र अलि फराकिलो भएको देखिन्छ ।

२. औषधी खरिद गरि बाखा, गाइगोरु, भैसी, कुखुरा र बंगुर सुगुर गरि जम्मा ९ हजार ९ सय वटालाई मेडिकल उपचार, माईनर सर्जिकल उपचार, गाईनो कोलोजिकल उपचार गर्ने लक्ष्य लिइएकोमा हाल ९ हजार ४ सय ११ वटालाई उपचार गरिएको छ ।

३. बाखा, गाइगोरु, भैसी, कुखुरा र वंगुर सुगुर गरि जम्मा १८ हजार वटालाई पशुखोप लगाउने लक्ष्य लिइएकोमा हाल सम्म जम्मा १८ हजार २ सय वटालाई उक्त खोप लगाइएको छ ।

४. भैसी प्रवर्द्धन कार्यक्रम सञ्चालनबाट ३० वटा भैसी, बाखा प्रवर्द्धन कार्यक्रमबाट १०० वटा बाखा, बाखा पकेट कार्यक्रम बाट १००० वटा बाखा र बंगुर प्रवर्द्धन कार्यक्रम सञ्चालन गरि १०० वटा वंगुर उत्पादन गर्ने लक्ष्य लिएकोमा हाल उक्त लक्ष्य हासिल गर्न सफल भएको छ ।

१६. पशुविकास कार्यक्रम सञ्चालन गरि पशु स्वास्थ्य शिविर, घाास खेती तथा सीप विकास तालिम, वर्ड फ्ल्यू रोगको लागि जनचेतना, नगरस्तरीय भैंसीपालन तालिम, नगरस्तरीय बंगुरपालन तालिम सञ्चालन गर्न लिइएको लक्ष्य हासिल गरिएको छ ।

१७. ४० जना एकल महिलाहरुलाई आय आर्जनमा टेवा पुऱ्याउन १५० वटा कुखुराका चल्ला वितरण गरिएको छ ।

### विगतका वर्षहरुमा गरिएका उपलब्धिका बावजुद केही चुनौतीहरु पनि रहेका छन ।

१. उपभोक्ता समिति गठनमा विवाद आउनाले समयमै कार्य सम्पन्न गर्न चुनौतीको रुपमा रहदैं आएको छ ।
२. कर्मचारी समायोजन पश्चात पनि नगरपालिकामा दरबन्दी अनुसार कर्मचारीहरु समायोजन भई नआएकाले सिमित कर्मचारीबाट दैनिक प्रशासनिक कार्य गर्नुपर्ने बाध्यता रहेको छ ।
३. नयाँ नगरपालिका भएकाले नगरपालिका बन्ने पुर्वाधार बनाउन थुप्रै आवश्यकता रहेको तर वजेटको अभावका कारण पूर्वाधार तयार गर्न नसकिएकोले चुनौती रहेको र यस वर्ष देखि थप स्रोतको खोजी गरिने छ ।
४. स्थानीय आवाश्यकता अनुसार प्रदेश सरकार र केन्द्र सरकारबाट प्राप्त हुने अनुदान रकम न्यून हुनु ।
५. नगरपालिकामा भएका केहि महत्वपूर्ण र राम्रा क्रियाकलाप तथा आयोजनाहरुको प्रचार प्रसारमा कमी हुनु पनि एक चुनौती रहेको छ । यसै वर्ष देखि एउटा संयन्त्र मार्फत प्रचार प्रसार गर्ने प्रावधान मिलाईने छ ।
६. कोरोना भाइरस कोभिड-१९ महामारीको कारण शिक्षा क्षेत्र, विकास निर्माण र स्वास्थ्यको क्षेत्रमा प्रतिकूल अवस्थाको सृजना भएको छ
७. विन्द्रासैनी कोभिड अस्पतालमा चिकित्सक लगाएत आवश्यक स्वास्थ्यकर्मीको उपलब्धता हुन नसक्नु ।

## आ.व.०७८/०७९ मा लिइने प्रमुख नीति तथा कार्यक्रहरु

**“आधुनिक कृषि, कृषिमा आधारित उद्योग, पर्यटन तथा पुर्वाधार चामुण्डाविन्द्रासैनी नगरपालिका सम्वृद्धिको मूल आधार”** भन्ने नारा सहित आर्थिक, सामाजिक, सास्कृतिक विकासका उद्देश्य, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट खाका निर्धारण गरिएको थियो । यस नगरपालिकाले विगत वर्षहरुमा अवलम्बन गरेको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन गरि तथ्य र तथ्यांकमा नतिजा ल्याउने संकल्प गरि योजना तथा कार्यक्रम सञ्चालन गरिएको थियो र सोही अनुरुप यो नगरपालिका नतिजा ल्याउँदै अघि बढीरहेको जानकारी गराउँदै अब म विषयगत क्षेत्रको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकी छु ।

### आर्थिक विकास

*“व्यवसायिक कृषि, आयमूलक वन र कृषिमा आधारित उद्योग, पुर्ण रोजगारीको प्रत्याभुतिको लागि फराकिलो तथा प्रगतिशील कर प्रणालीद्धारा आन्तरिक राजश्वमा वृद्धिनै आर्थिक नीति रहनेछ । ”*

१. विश्वमा महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण लामो समय देखि विश्व अर्थतन्त्र प्राय ठप्प रहेको छ । जसका कारण वैदेशिक रोजागारीमा गएका लाखौ युवा रोजगार विहिन अवस्थामा पुगेका छन भने नेपालमा भैरहेको बन्दाबन्दीका कारण आन्तरिक रोजगारी समेत ठप्प रहेको छ । कोभिड १९ को कारण वृद्धिहुने वेरोजगारीलाई स्वरोजगार सृजना गर्न वाझो जग्गा उपयोग, कृषक प्रोत्साहान अनुदान र बजारीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

२. किसानहरुलाई दुग्ध उत्पादन प्रति आकर्षण गर्न प्रोत्साहनको व्यवस्था गरिने छ । साथै उप-प्रमुख दुग्ध विकास कार्यक्रम सञ्चालन गरिने छ ।

३. वडा नं. ६ को लैनचौरलाई औद्योगिक ग्राम स्थापनाको लागि औद्योगिक क्षेत्र घोषणा गरि आवश्यक कार्य सुरु गरिने छ ।

४. कृषिलाई आधुनिकीकरण गर्न प्रत्येक वडामा कृषि तथा भेटेनरी प्राविधिकको व्यवस्था गरिनेछ र किसानलाई परिचयपत्र वितरण गरिने छ ।

५. धर्म, संस्कृति, परम्परा, रितिरिवाज र परम्परागत जीवनशैलीको संरक्षण र सम्बर्द्धनको लागि पारिवारिक तथा शैक्षिक संस्थामा संग्राहलय स्थापना गरि पर्यटन विकासमा सहयोग गरिने छ र यसको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

६. परम्परागत सीप र शैलीको संरक्षण गरि पर्यटन क्षेत्रको समेत विकास गर्न ७५ वर्ष भन्दा माथिका घरहरुको विवरण संकलन गरि संरक्षणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

७. राजश्वको दायरा फराकिलो वनाइ आन्तरिक श्रोत वृद्धि गर्न प्रगतिशील कर प्रर्णाली लागु गरिने छ ।

८. नगरका मुख्य तथा शाखा सडकहरुमा निर्माण हुने भवनहरुको अनिवार्य इजाजत लिनुपर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।

९. मालपोत दस्तुर संकलनमा वृद्धि गर्न निश्चित समयभित्र मालपोत बुझाउने करदाता लाई निश्चित प्रतिशत कर छुट सहित टोल टोलमा राजश्व संकलन शिविर सञ्चालन गरिनेछ ।

१०. नगर बस सेवालाई थप व्यवस्थीत रुपमा निरन्तर सञ्चालन गरिनेछ ।

११. यस नगरपालिका क्षेत्रभित्र रहेका धार्मिक ऐतिहासिक तथा पर्यटकिय महत्वका स्थलहरुलाई थप व्यवस्थित गरि प्रवेश शुल्क निर्धारण गरि लागु गरिनेछ ।

१२. यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रचलित कानून बमोजिम करको दायरामा ल्याइनेछ ।

१३. खाद्यान्न बाली, तरकारी खेती, फलफूल खेती, माछापालन, मौरीपालन, च्याउ ती पशुपक्षींपालन लगाएत कृषिजन्य उत्पादनका सबै आयामहरुलाई व्यवसायीकरण गरिने छ, कृषि उत्पादनमा वृद्धि गर्न कृषकहरुको क्षमता विकास गरिने छ र कृषि तथा पशु विमा लागायतका जोखिम न्यूनीकरणका नीति अवलम्बन गरिने छ ।

१४. भू-उपयोग नीति अवलम्बन गर्दै  नगरपालिका क्षेत्रमा भएको सम्पूर्ण निजी तथा सरकारी जग्गा उपयोगमा ल्याउन रणनीतिक योजना तयार गरिने छ ।

१५. किवी खेति, एवोगाड लगाएत फलफूल तथा वनस्पति नर्सरी स्थापना कार्यलाई प्रोत्साहन गरिने छ ।

१६. नगरपालिकाको श्रोतलाई वृद्धि गरि नगरपालिकाले लिएको नीति अनुसारका कार्यक्रमहरु गर्न ऋण नीति तयार गरि लागु गरिने छ ।

१७. नेपाल सरकार वा प्रदेश सरकार सँगको संयूक्त लगानी वा सार्वजनिक निजी साँझेदारीमा  योजना सञ्चालन तथा व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ ।

१८. गरिबी निवारण कोषद्धारा प्रवर्द्धित समुदायिक संस्थाहरुले परिचालन गरेको घुम्ती कोषलाई बिउपुँजीको रुपमा प्रयोग गरि स्थानीय स्तरमा आर्थिक गतिविधीहरु सञ्चालन गर्न यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरि स्थानीय रोजगारीको सिर्जना गरिनेछ ।

१९. विभिन्न कार्यक्रम तथा आयोजनाहरु मार्फत समुदायस्तरका समूहहरुलाई उपलब्ध गराएको पुँजी रकम र समूहहरुले गरेको बचत रकमको लगत अद्यावधिक गरि सो रकम रोजगारी सिर्जना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गरिनेछ ।

२०. यस नगरपालिकाबाट कृषि तथा पशुपालनको क्षेत्रमा दिइदै आएको अनुदानलाई उत्पादनसँग जोड्न किसानहरुले गरेको उत्पादनको आधारमा प्राथमिकता तोकी अनुदान लगाएत अन्य सेवासुविधा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । गरिबीको न्यूनिकरण र रोजगारीको सिर्जना गर्ने उद्देश्यले समूहगत रुपमा उपस्थित युवाहरुको इच्छा अनुसारको सीपमूलक तालिमहरुको  सञ्चालन गरिनेछ ।

२१. चालु आ.व. मा सिलाईकटाई सम्बन्धी सीप विकास तालिममा सहभागी भएका सम्भाव्य लघु उद्यमीहरुलाई आगामी आर्थिक वर्षमा स्तरोन्नती तालिम दिई थप क्षमता विकास गरिने छ । स्थानीय स्तरमा प्राप्त हुन सक्ने कच्चा पदार्थ र स्थानीय बजारमा सजिलै खपत गर्न सकिने खालका सामाग्रीहरु सँग सम्बन्धित सीप विकास तालिम प्रदान गरि स्वरोजगार मार्फत गरिबी निवारणमा टेवा पुऱ्याइनेछ । चालु आ.व. मा नयाँ उद्यमी सृजनाको लागि छनौटमा नपरेका यस नगरपालिकाका बाँकी वडाहरु २, ३, ५, ८ र ९ मा आगामी आ.व.मा कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. साना सिंचाई कार्यक्रम तय गरि किसानहरुलाई सिंचाइको लागि पाइप वितरण गरिने छ ।

२३. आयआर्जनमा टेवा पुऱ्याउन किसानहरुलाई कुखरा, बाखा, भैसी, बंगुर र सोलार वितरण गरिने छ ।

२४. यस नगरपालिकाको उत्तरी क्षेत्रलाई ओखर क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

२५. यस नगरपालिका अन्तरर्गत विभिन्न खेतीयोग्य जमिनको माटो परीक्षण गरि उपयूक्त खेती गर्न कृषकहरुलाई उत्प्रेरणा प्रदान गरिने छ ।

२६. यस नगरपालिका अन्तरर्गत साविकका ३ वटा गा. वि. स.हरुको उपयूक्त स्थानमा खाद्य डिपो सञ्चालनका लागि आवश्यक पहल गरिने छ ।

## सामाजिक विकास तर्फ

## “आफु पनि बचौं, अरुलाई पनि बचाऔं

## कोरोना विरुद्धको लडाइमा सबैले सघाउँ”

*“भयमुक्त, स्वस्थ, प्रतिस्पर्धी र विभेद रहित नगरको साथै धार्मिक सहिष्णुता सहित आधुनिक नगर निर्माण हाम्रो सामाजिक विकास निति रहेको छ । जसको लागि देहायको कार्यक्रम प्रस्तुत गरेको छु ।”*

२७. यस नगरपालिकाका सबै नागरिकलाई सभ्य, सुसंस्कृत, योग्य, प्रतिस्पर्धी, उद्यमशील, सिर्जनशील र आत्मनिर्भर बनाउने यस नगरपालिकाको शिक्षा नीति रहने छ ।

२८. विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गरिनेछ ।

२९. आधारभूत तहसम्म अध्यनरत सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा उपलब्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३०. यस नगरपालिका अन्तर्गत सञ्चालित ११ वटा माध्यमिक विद्यालयमा शैक्षिक म्यूजियम स्थापना कार्यक्रम अभियान चलाईने छ ।

३१. सामुदायिक विद्यालयबाट नगरस्तरीय परीक्षामा सर्वोउत्कृष्ट नतिजा ल्याउने विद्यार्थी (१ छात्र र १ छात्रा) र शिक्षाको गुणस्तर सुधारमा विषेश योगदान दिने प्रधानाध्यापक वा शिक्षक (१ जना महिला र १ जना पूरुष) लाई प्रोत्साहन तथा पुरस्कार वितरण गरिने छ ।

३२. कोभिड १९ को माहामारीको नियन्त्रण हुननसकी विद्यालयहरुमा लामो समयसम्म पठन पाठन अवरुद्ध हुन गएमा विद्यार्थीहरुको शिक्षण सिकाई कार्य निरन्तरताका लागि वैकल्पिक तथा भर्चूअल शिक्षा तथा सिकाई सहजीकरण कार्यक्रम तथा विधिहरुको अवलम्वन गरिनेछ । साथै शिक्षा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरि लागु गरिने छ ।

३३. शिक्षकको पेशागत दक्षता विकास गर्न तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउनका लागि शिक्षकको पेशागत क्षमता विकासमा जोड दिइनेछ । साथै विषयगत शिक्षक तालिम (अंग्रेजी, गणित र विज्ञान) आयोजना तथा सञ्चालन गरिने छ ।

३४. हालको नविनतम प्रविधिको विकासको परिवेशलाई आत्मासात गर्दै सबै विद्यालयहरुमा सूचना प्रविधि मैत्री अध्ययन अध्यापनलाई प्राथमिकता दिइनेछ ।

३५. विद्यालयको स्थलगत अनुगमन गरि भौतिक पूर्वाधारको अभाव भएका विद्यालयहरुको आवश्यक भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ र साथै सोही आधारमा अन्य अनुदानहरु वितरण गरिने छ ।

३६. विद्यालय स्तरको परीक्षा तथा मुल्याङ्कनलाई स्तरीय बनाउनका लागि परीक्षा प्रणालीलई व्यवस्थीत र मर्यादित बनाइनेछ ।

३७. **“राष्ट्रको लागि खेलकुद, स्वास्थ्यको लागि खेलकुद”** भन्ने नारालाई आत्मसात गर्दै नगरस्तरमा विभिन्न खेलकुदका कार्यक्रमहरु आयोजना तथा सञ्चालन गर्न संघीय सरकारबाट तोकिएको राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगीता र नगरपालिकाद्धारा तोकिएको नगर प्रमुख कप खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै छात्राहरुलाई खेलकुदप्रति उत्प्रेरणा जगाउन यस नगरपालिका भित्र सञ्चालित माध्यमिक तहमा अध्ययनरत छात्राहरुका लागि उपप्रमुख कप खेलकुद प्रतियोगीता सञ्चालन गरिने छ ।

३८. विद्यालयमा भएका सम्पूर्ण शैक्षिक, भौतिक र प्रशासनिक गतिविधिहरुको मासिक प्रगति र समस्याहरुको विषयमा  अनुभव आदान प्रदान, छलफल, समिक्षा तथा सुधार गर्न प्रत्येक महिनाको २ गते (विषेश परिस्थितिमा महिनाको अन्य गते) प्रधानाध्यापक बैठक सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

३९. विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी प्र. अ., वि व्य. अध्यक्ष तथा बालविकासकेन्द्र व्यवस्थापन समिति अध्यक्षहरुका लागि क्षमता विकास तालिमको आयोजना तथा सञ्चालन गरिने छ ।

४०. नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठन, अतिरिक्त क्रियाकलाप सञ्चालन, परीक्षा व्यवस्थापन र अन्य सम्बन्धित क्रियाकलापहरु समेटेर नगरपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरिनेछ ।

४१. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा दरबन्दी कम भएका र दरबन्दी नभएका विद्यालयहरुमा शिक्षकको व्यवस्थापन सम्बन्धमा आवश्यक पहल गरिनेछ ।

४२. सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालविकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुलाई उनीहरुको शारीरिक तथा मानसिक विकासका लागि तोकिएको पौष्टिक तत्वहरुको मात्रा रहने गरि दिवाखाजा कार्यक्रमको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

४३. सामुदायिक विद्यालयहरुमा अध्ययनरत किशोरी छात्राहरुलाई महिनावारीका समयमा प्रयोग गर्न स्यानिटरी प्याड निशुल्क उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४४. प्रधानाध्यापकलाई विद्यालयको शैक्षिक, प्रशासनिक तथा विद्यालयसँग सम्बन्धित अन्य पक्षहरुका बारेमा जिम्मेवार र जवाफदेही बनाउनका लागि आगामी शैक्षिक सत्र देखी विद्यालयका प्रअहरुको कार्यसम्पादन करार गरिनेछ । उत्कृष्ट कार्यसम्पादन गर्ने प्र.अहरुलाई पुरुस्कृत गरिनेछ भने कार्यसम्पादनमा उल्लेखित शर्त पुरा नगर्ने प्र.अहहरुको जिम्मेवारीमा समेत हेरफेर गरिनेछ ।

४५. **“बालबालिकाहरुलाई विद्यालयमा ल्याऔं, सिकाउ र टिकाउ”** भन्ने शिक्षा सम्बन्धी नीति अवलम्बन गरिने छ ।

४६. विद्यालयहरुको अनूगमन, निरीक्षण तथा सूपरीवेक्षण र प्रत्येक ३ महिनामा सघन (टिम) अनूगमन र प्रतिवेदन पेश गरि कार्यान्वयन गर्न विद्यालय अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण कार्यलाई उपलब्धिमूलक बनाइनेछ ।

४७. चामुण्डा विन्द्रासैनी नगरपालिकाको शिक्षा ऐन, निमावली अनुरुप आवश्यकताको आधारमा विद्यालयहरु समायोजन, कक्षा तह घटाउने र बढाउने तथा स्थानको पहिचान गरि नयाँ विद्यालयको स्थापना गर्ने, “सार्वजनिक शिक्षा सुधार अभियान” गर्ने र प्रत्येक वडामा एक/एक वटा नमुना विद्यालयको निर्माण तथा नगर भित्र रहेका सबै शिक्षण संस्थाहरुको गुणस्तरमा विकास ल्याई आगामी दश वर्ष भित्र निजी विद्यालयप्रतिको आकर्षण यहाँका नगरबासीको मानसपटलबाट स्वस्फुर्त ढंगबाट हटाउन लिएको नीतिलाई निरन्तरता दिइने छ ।

४८. माध्यमिक विद्यालयमा कार्यरत कार्यालय सहायक र आधारभुत तहमा लेखा र शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी काम गर्ने शिक्षकहरुलाई लेखा तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन सम्बन्धी तालिम दिईने छ ।

४९. राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट खटिई आउने प्रतिभावान स्वयं सेवक शिक्षकहरुलाई कार्यविधि तयार गरि विद्यालयमा खटाईने व्यवस्था मिलाउनुका साथै यस नगरपालिका भित्र सञ्चालनमा रहेका ५४ वटा सामुदायिक विद्यालयहरु मध्ये हालसम्म पनि २३ वटा विद्यालयहरुमा एउटा पनि स्थायी दरबन्दी नरहेकोले प्रत्येक विद्यालयमा स्थायी दरबन्दीको व्यवस्थापन गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

५०. आ. व. २०७७/७८ को यस नगरपालिका भित्र रहेका अपाङ्ग, टुहुरा, आर्थिक रुपले अति विपन्न वर्गका लागि उच्च शिक्षा बाट बन्चित हुन नपरोस भन्ने उद्देश्य राखि आगामी दुई वर्ष भित्र नगरपालिकाको कुनै एक

विद्यालयमा त्यस्ता बालबालिकाको लागि आवासीय सेवा सुविधा सहितको व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईने छ ।

५१. यस नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माण तथा अभिभावक शिक्षामाला निर्माण कार्य सम्पन्न भई सकेकोले सो पाठ्यक्रम यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि कक्षा ८ सम्म क्रमशः लागु गरिने छ । साथै अभिभावक शिक्षामाला पनि लागु गरिने छ ।

५२. माध्यमिक तह सञ्चालन भएका विद्यालयमा अनिवार्य रुपमा व्यवसायीक तथा प्राविधिक शिक्षा सञ्चालन तथा व्यवस्थापनको शिक्षाको नीति अपाईने छ ।

५३. यस नगरपालिकमा रहेको एक मात्र चामुण्डा कलेज चामुण्डालाई बहुमुखी क्याम्पस बनाउने नीतिलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिईने छ ।

५४. यस नगरपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि अनुगमन तथा सुपरीवेक्षण, अभिभावकलाई जवाफदेही बनाउने तथा उत्कृष्ट सिकाई उपलब्धी हासिल गर्ने विद्यालयहरुलाई प्रोत्साहनका साथै कमजोर सिकाई उपलब्धी भएका विद्यालयहरुलाई नसिहत दिने व्यवस्था सम्बन्धी नीतिलाई निरन्तरता दिईने छ ।

५५. प्रत्येक विद्यालयलाई अपाङ्गमैत्री, छात्रा मैत्री विद्यालय, भौतिक पुर्वाधार सम्पन्न, खानेपानी र शौचालयको उचित व्यवस्थाका साथै लैंगिक तथा अन्य कुनै पनि किसिमका भेदभाव रहित विद्यालय बनाईने नीतिलाई निरन्तरता दिइने छ ।

५६. दलित, महिला, जनजाती, अपाङ्ग तथा आर्थिक रुपले पछाडि परेका समुदायबाट प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् उच्च शिक्षा अध्ययनको लागि यस नगरपालिकाबाट उत्कृष्ट विद्यार्थीको छनौट गरि विभिन्न प्रकारका प्राविधिक तर्फको उच्च शिक्षा अध्ययनको लागि नगर प्रमुख छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५७. यस नगरपालिकामा रहेको निरक्षरता लाई शून्यमा झार्ने लक्ष्य राखि साक्षर नगरपालिकाको रुपमा विकसित गर्ने योजनालाई उच्च प्राथमिकता दिईने छ ।

५८. यस नगरपालिकामा सञ्चालित विद्यालय सरसफाई कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५९. हरेक विद्यालयमा एक जना तालिमप्राप्त प्राथमिक उपचार कर्मी शिक्षक, प्राथमिक उपचार बक्स र स्ट्रेचरको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

६०. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरि बहुप्राविधिक शिक्षालयको पूर्वाधार तयार गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

६१. यस नगरपालिकाका बालबालिकाहरुको शिक्षाको अधिकारलाई सुनिश्चित गर्न सामुदायिक विद्यालयहरुका लागि भर्ना अभियान अभियान सञ्चालन गरिने छ ।

६२. यस नगरपालिकाबाट दिदै आएको शिक्षण सहयोग अनुदान (बालविकास देखि कक्षा दश सम्म) लाई निरन्तरता दिई र सो अनुदान कार्यरत बालविकास सहजकर्ता र शिक्षकहरुको तलबभत्ता वृद्धिमा पहल गरिने छ ।

६३. सामुदायिक विद्यालयहरुको समग्र सुधारका लागि विद्यालय सूधार योजना निर्माण सम्बन्धी तालिम सञ्चालन गरिने छ ।

६४. नगरस्तरीय अतिरिक्त तथा प्रतिभा पहिचान सम्बन्धी कार्यक्रमहरु आयोजना तथा सञ्चालन गरिने छ ।

६५. शैक्षिक क्रियाकलाहरु समेटेको शैक्षिक बूलेटिन प्रत्येक चौमासिकको अन्त्यमा प्रकाशन तथा नगर शिक्षा पार्श्वचित्र तथा नगर शिक्षा योजना निर्माण गरि लागु गरिने छ ।

६६. यस नगरपालिकाद्धारा स्थापित प्रारम्भिक बालविकास केन्द्रहरुलाई मसलन्द तथा सिकाई सामग्री व्यवस्थापनका लागि अनुदान वितरण गरिने छ ।

६७. एभरेष्ट क्लब अन्तर्गतको **"सिकाइ कहिल्यै रोकिदैन परियोजना"** को साझेदारीमा नगर बाल अनुदान कार्यविधि निर्माण गरि नगर बाल अनुदान कोष स्थापना तथा सञ्चालन गरिने छ ।

६८. बाल विकास सहजकर्ता तथा सामूदायिक सिकाइकेन्द्रका परिचालकलाई आधारभूत तथा पूनर्ताजकी तालिम दिईने छ ।

६९. शिक्षासँग सम्बन्धित शिक्षा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिका निर्माण तथा संसोधन गरि शिक्षा क्षेत्र तथा शिक्षक व्यवस्थापनलाई व्यवस्थित गरिने छ र संस्थागत विद्यालयहरुलाई पनि नीति तथा विधिको परिधिभित्र समेटि नियमन गर्ने संयन्त्र विकास गरिने छ । साथै सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यालय कर्मचारी दरबन्दि मिलान तथा व्यवस्थापन गरिने छ ।

७०. व्यवस्थित तथा सिकाई उपलब्धि राम्रो भएको विद्यालयको अनुभव तथा राम्रो अभ्यासको आदान प्रदान गर्न अन्तर विद्यालय भ्रमण कार्यक्रम सञ्चालन गरिने छ ।

७१. विभिन्न विपद्का कारण सामुदायिक विद्यालयहरुमा हुने क्षतिलाई व्यवस्थापन तथा न्यूनिकरण गर्न विद्यालय विपद् व्यवस्थापन अनुदानलाई निरन्तरता दिईने छ ।

७२. विद्यालय सञ्चालन तथा व्यवस्थापन र शैक्षिक गतिविधिहरु व्यवस्थापन सम्बन्धी छलफल तथा अन्तरक्रिया गर्न वि. व्य. स अध्यक्ष तथा शिक्षक अभिभावक संघ अध्यक्षहरुको भेला आयोजना गरिने छ ।

७३. नगरपालिकामा सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले बिहानको प्रार्थना समयमा राष्ट्रिय गान लगतै यस नगरपालिकाको पहिचान बोकेको नगर गान बजाउनु तथा गाउनु पर्ने नीति लिईनेछ ।

७४. यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाई केन्द्रलाई साक्षरता विकास तथा निरन्तर शिक्षा सञ्चालनका लागि व्यवस्थित गरिने छ ।

७५. यस नगरपालिका अन्तर्गत क्रियाशिल विभिन्न शिक्षा सम्बन्धी काम गर्ने सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरि शैक्षिक गुणस्तर सुधारका लागि पहल गरिने छ ।

७६. यस नगरपालिका अन्तर्गतका माध्यामिक तथा आधारभूत विद्यालयहरुको विस्तृत परियोजना प्रतिवेदन -( डि.पि.आर.) तयार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

७७. पर्यटन क्षेत्रलाई अर्थतन्त्रको आधारको रुपमा विकास गर्दै यस नगरपालिकाका विभिन्न स्थानमा नगरपार्कहरु, उद्यानहरु, विशेष खालका खेल मैदानहरु लगायतका कार्यहरुको निर्माण गर्ने र यस नगरमा रहेका प्राकृतिक रुपमा प्राप्त पर्यटनको क्षेत्रमा विशेष योगदान पुऱ्याउने खालका गुफा जलगुफा जस्ता स्थलहरु, सँस्कृति, कला, लोकगाथा लगायत धार्मिक क्षेत्रहरु जस्तै चामुण्डामाई को मन्दिर, विन्द्रासैनी माई मन्दिर र अन्य मन्दिरहरुको लगत संकलन गरि परिचय लेखन तथा गुरुयोजना बनाउने तथा यस नगरपालिकाको धार्मिक र ऐतिहासिक दृष्टिकोणले महत्व राख्ने मठ मन्दिरमा पद मार्गको निर्माण गर्ने कार्यको निरन्तरता दिईने छ ।

७८. यस नगरपालिका अन्तर्गत जेष्ठ नागरिक, बुद्धिजीवि, कलाकार, कालिगड, किसान, मजदुर, ऐतिहासिक व्यक्तित्व र जहेन्दार विद्यार्थीलाई सुरक्षा, सम्मान र सहयोगको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७९. बेसहारा तथा अभिभावक विहिन बालबालिकाको जीवन रक्षाको लागि सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

८०. सामाजिक परिचालन कार्यक्रम र वडा कार्यालय, स्वास्थ्य चौकी र वर्थिङ सेन्टर सरसफाई कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८१. यस नगरपालिकाको आन्तरिक पर्यटन प्रबर्द्धन अभियानका लागि पुरातात्विक, ऐतिहासिक, मौलिक साँस्कृतिक रुपले महत्व राख्ने छैठी, धमारी, मारुनी नाच, भ्कोडा मागल, रतेउली, देउडा खेलको इतिहास लेखन तथा खेलाडीको सम्मान र सुरक्षाको नीति, सरन, खाणो प्रकाश, हुडकेउली, भारत, विभिन्न जातजातीहरुका प्रशस्ती गानहरुका साथसाथै पञ्चेबाजाको धुनमा विभिन्न पयनाहरु अमरसिहँ ढोलीको सालिक निर्माण आदि ऐतिहासिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरि आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरि काम अघि बढाइने छ ।

८२. नेपाल सरकार र कर्णाली प्रदेश सरकारको समन्वयमा जनता आवास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ । यस नगरपालिकालाई खरका छानामुक्त नगरपालिका घोषणा गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

८३. यस नगरपालिका अन्तर्गत मठमन्दिरहरुको इतिहास लेखन कार्यलाई पूर्णता दिइने छ ।

८४. पञ्चकोशी क्षेत्रमा पर्ने श्री चरण पादुका स्थानमा अतिथिको सत्कार तथा सम्मानका लागि र अन्य महत्वपूर्ण कार्यमा समेत मद्धत पुग्ने उद्देश्य राखि विगतमा गरिएको अक्षय कोष स्थापना कार्यलाई निरन्तरता दिइने छ ।

८५. दुल्लु नगपालिका र चामुण्डाविन्द्रासैनी नगरपालिका बीच आ.व.०७७/०७८ मा भगिनी सम्वन्ध कायम गर्न द्धिपक्षीय सम्झौता भई सकेको छ र यसै गरि अन्य पालिकाहरुसँग पनि यो सम्बन्ध विस्तार गर्ने नीति अवलम्बन गरिने छ ।

८६. आ.व.०७८/०७९ भित्र यस चामुण्डाविन्द्रासैनी नगरपालिकाको सबै वडाहरुमा घरधुरी संख्याको तथ्यांक संकलन गरि वृद्धवृद्धाको संख्या, अपांगको संख्या, रोजगार र बेरोजगारहरुको संख्या, व्यवसायी कृषकहरुको पहिचान लगायत सबैको वास्तविक तथ्यांक संकलन गर्ने कार्य, प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता को लागि उमेर पुगेका वृद्ध वृद्धाहरुको पहिचान गर्ने कार्य र त्यस्ता उमेर पुगेका वृद्धवृद्धाहरुलाई नेपाल सरकारले तोके अनुसार सामाजिक सुरक्षा भत्ता र परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइने छ ।

८७. **“एक युवा एक काम”** भन्ने मुल नारा बमोजिम वेरोजगार युवा युवतीहरुलाई यसै नगरपालिका भित्र रोजगारमूलक अवसरको सृजना गर्न विभिन्न सीपमूलक लामो तथा छोटा प्रकारका तालिम प्रदान गरि नगरपालिकाले अनुदानको समेत व्यवस्था गर्ने वातावरण यथासिघ्र अघि बढाईनेछ ।

८८. यस नगर भित्र खेलकुद क्षेत्रको विकासको लागि राष्टिय स्तरका खेलकुद प्रतियोगिता सञ्चालन गर्न सकिने खेल मैदानको निर्माण गर्ने, खेलकुद सामाग्रीहरुको व्यवस्थापन, राष्ट्रिय तथा प्रदेशस्तरीय खेलकुद प्रतियोगितामा सहभागिता जनाउन प्रोत्साहान गर्ने उद्देश्यले यस नगरपालिका भित्र नगर तथा जिल्ला स्तरीय खेलकुद प्रतियोगिताको आयोजनालाई उच्च प्राथमिकता दिने नीति अपनाईने छ साथै खेलाडीहरुको क्षमता विकासका लागि विभिन्न खेल सम्बन्धी तालिमको आयोजना गर्ने तथा विभिन्न स्थानमा कभर्ड हलको स्थापना गर्ने नीति अवलम्बन गरिने छ । साथै पोखेखाल खेलमैदान र विन्द्रासैनी खेलमैदानलाई राष्टिय स्तरको खेल मैदानको रुपमा अघि बढाइनेछ ।

८९. चामुण्डा विन्द्रासैनी नगरवासीहरुको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचको सुनिश्चितता गर्न यस नगरपालिकाका सबै वडाहरुमा नेपाल सरकारको नीति अनुसार एक जना अहेव एक जना अनमी र एक जना कार्यालय सहयोगी सहित महत्वपूर्ण स्वास्थ्य सामग्री र औषधिको सहजतापूर्वक उपलब्धता गराई जेष्ठ नागरिक, गर्भवती महिला, अपांग र बालबालीहरुको घरदैलो उपचार हुने गरि स्थापना गरिएका शहरी स्वास्थ्य क्लिनिक र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

९०. सुत्केरी सेवाको लागि दक्ष प्रसुतीकर्मीको नियमित उपलब्धता एवं औषधी उपकरणको उपलब्धताको व्यवस्था साथै प्रसुती केन्द्रहरुको स्थापना गर्ने कार्य गरिने छ साथै बालबालिका लगायत सबैमा देखिने कुपोषणलाई न्यूनीकरण गर्नका लागि पोषण सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुका साथै स्वास्थ्य सेवा सम्बन्धी सम्पूर्ण क्रियाकलाप प्राथमिकताका साथ अघि बढाइने छ ।

९१. नगरपालिकामा रहेको पोषण रजिष्टरलाई निरन्तरता दिई पोषण रजिष्टरमा पोषणका गतिविधिहरु सञ्चालन गर्ने र कुपोषणको तथांक संकलन गरि सुनिश्चितता गर्दै, **“एक घर एक करेसावारी”** स्थापनाको नीति अवलम्वन गरिने छ ।

९२. स्थानीय स्तरमा उपलब्ध हुने अन्न तथा खाद्यवस्तुहरुको संरक्षण र प्रवर्द्धन गरि स्थानीय समुदायको खानपिनमा बजारको तयारी खानेकुरालाई निरुत्साहित गरिने छ ।

९३. यस नगरपालिकामा सुरक्षित मातृत्व कार्यक्रमलाई वडा वडामा विस्तार गरि मातृशिशु सेवाको पँहुच पुऱ्याउने, उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक सेवा नियमित सुचारु गर्ने, महिला स्वास्थ्य स्यंमसेवीकाको कामको कदर गर्दै प्रोत्साहन भत्ता उपलब्ध गराउने, गरिब तथा विपन्नहरुले प्रत्यक्ष लाभ लिने गरि स्वास्थ्योपचारलाई थप सर्वसुलभ गराईने र विभिन्न समयमा स्वास्थ्य शिविरको आयोजना गरि विशेषज्ञ सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

९४. यस नगरपालिकामा उपलब्ध हुने जडिवुटी संकलन गरि यसै नगरपालिका भित्र आयुर्वेदिक औषधि उत्पादन गर्ने आयुर्वेद औषधालयको स्थापना लगायत अन्य एकुपञ्चर विधि, प्राकृतिक चिकित्सा शिक्षा र योग शिक्षाका लागि आवश्यक पहल अघि बढाईने छ ।

९५. यस नगरपालिकालाई बाल विवाह रहित, महिला हिंसा रहित, छाउपडी प्रथाको उन्मुलन, घरेलु हिंसा मुक्त, मानव अधिकारको ग्यारेन्टी, छुवाछुतको अन्त्य, जातीय भेदभावमुक्त जस्ता सामाजिक कुप्रथाको उन्मुलन गरि समानतामा आधारित नगरपालिकाको रुपमा स्थापित गर्ने कार्यलाई विशेष रुपले अघि बढाइनेछ ।

९६. यस नगरपालिकामा लैङ्गिक हिंसा न्यूनीकरणका लागि उपप्रमुखको नेतृत्वमा एक **“महिला हेल्प डेस्क”** स्थापना गरि लैङ्गिक हिंसामुक्त नगर स्थापना गर्न सहजीकरण गर्ने, महिलाहरुको क्षमता विकास तालिम, आयआर्जनमूलक सीप विकास तालिम सञ्चालन गर्ने, नगरस्तरीय बालगृह स्थापना गरि सञ्चालनमा ल्याउने, अपाङ्हरुले प्रत्यक्ष लाभ लिने गरि सीपमूलक तथा व्यवसायमूलक कार्यक्रम बनाइनुका साथै आवश्यकताको आधारमा सामग्रीहरु उपलब्ध गराउने, नेतृत्व विकास तथा क्षमता विकासको लागि समुदायमा रहेका अगुवा महिलाहरुलाई तालिम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

९७. कोभिड-१९ को जोखिमलाई कम गर्न नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारको समन्वयमा सबै उमेर समूहका मानिसहरुलाई कोरोना विरुद्धको भ्याक्सिन उपलब्ध गराउन पहल गरिने छ । साथै कोभिड-१९ बाट ज्यान गुमाउने घर परिवारलाई उचित राहतको व्यवस्था मिलाइने छ ।

९८. यस नगरपालिकाको सबै क्षेत्र जुवातास मुक्त क्षेत्र हुनेछ साथै मदिरा नियन्त्रण सम्बन्धी कार्यविधी - २०७५ लाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

९९. यस नगरपालिकाको समग्र विकासमा महत्वपूर्ण भुमिका रहने युवाहरुलाई स्वयंसेवकको रुपमा परिचालन गर्ने नीति अवलम्बन गरिने छ ।

१००. यस नगरपालिका मै मापदण्ड अनुसारका सेनेटरी प्याड उत्पादन गर्न लगाई स्वरोजगारको व्यवस्था गरिने छ ।

१०१. विभिन्न कारणले पछाडि परेका र हिंसा प्रभावित महिलाहरुको लागी तत्काल अवस्था हेरेर उनीहरुको व्यवस्थापन गर्नका लागी "**उप-प्रमुख लैंगिक हिंसा निवारण कार्यक्रम**" लाई निरन्तरता दिईनेछ ।

१०२. अशक्त अपांग नागरिकहरुलाई आत्मनिर्भर बनाउन आवश्यकता पहिचानको आधारमा व्यवसायमूलक तालिम प्रदान गरिने छ ।

१०३. विश्व स्वास्थ्य संगठनले सिफारिस गरे अनुसार यस नगरपालिकामा यस आ.व.मा स्वास्थ्यमा प्रर्याप्त बजेट विनियोजन गरिने छ । साथै विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार स्वास्थ्यका आधारभूत क्षेत्रलाई विशेष ध्यान दिइने छ ।

१०४. स्वास्थ्य संस्थाहरुको पूर्वाधार विस्तार गरि स्वास्थ्य सेवालाई अझ सक्षम बनाइने छ । साथै यस नगरपालिका भित्र भुगोल तथा जनसंख्यालाई मध्येनजर गरि स्वास्थ्य संस्थाको विस्तार गरिने छ । यस नगरपालिकाको भौगोलिक विकटतालाई मध्येनजर गरि हरेक वडामा कम्तीमा एक वटा वर्थिंङ सेन्टर स्थापना गरिनेछ । यस नगरपालिकाद्धारा स्थापना गरिएका शहरी स्वास्थ्य क्लिनिक तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आवश्यक पूर्वाधार विकास तथा नजशक्ति व्यवस्थापनको लागि कर्णाली प्रदेश सरकार तथा नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

१०५. यस नगरपालिकाको स्वास्थ्यको कार्यकम बनाउदा महिला, गरिब, दलित, भौगोलिक रुपमा पछाडि परेका क्षेत्रका समुदाय, ज्येष्ठ नागरिक र अपांगहरुको स्वास्थ्य रक्षा गर्ने कार्यलाई उच्च प्राथमिकता दिईने छ ।

१०६. यस नगरपालिकामा धुम्रपान, मद्यपान र लागु पदार्थको नियन्त्रण गरि नागरिकहरुको स्वास्थ्य प्रबर्द्धन गर्ने कार्यक्रम ल्याईने छ ।

१०७. आयुर्वेदको विकास, योगा, ध्यान, प्राकृतिक चिकित्सा र शारीरिक अभ्यासका विधिहरुलाई बढावा दिने कार्यक्रम ल्याइने छ ।

१०८. यस नगरपालिकामा चिकित्सक सहितको प्राथमिक अस्पताल, हरेक स्वास्थ्य संस्था र हरेक टोलमा "**स्ट्रेचर सहितका स्वास्थ्य स्वयमसेविका**" भन्ने नारा सफलिभुत गर्ने कार्यकमहरु तय गरिने छ ।

१०९. स्वास्थ्यकर्मीहरुको क्षमता विकास र वृत्ति विकास गर्ने, व्यक्तिगत सुरक्षाको प्रत्याभूति दिने र उत्प्रेरणा बढाउने कार्य गरिने छ भने उनीहरुलाई कार्यक्षेत्रमा आईपर्ने जोखमका लागि बिमाको व्यवस्था गरिने छ ।

११०. नगरपालिकामा स्वास्थ्य कार्यक्रम र स्वास्थ्य संस्थाहरुको सेवालाई गुणस्तरीय बनाइने छ ।

१११. यस नगरपालिका भित्रका हरेक नागरिकलाइ आधारभूत स्वास्थ्य सुविधा सुनिश्चत गर्ने कार्यकम सन्चालन गरिने साथै सबै वडामा स्थापना गरिएका आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई व्यवस्थित गरिने छ ।

११२. यस नगरपालिकालाई शुन्य मातृ मृत्यू, शुन्य बाल मृत्यू, शत प्रतिशत खोप, शुन्य गृह प्रसुति नगरपालिकाको रुपमा विकास गरिने छ । हरेक स्वास्थ्य संस्थामा एउटा आकस्मिक प्रसुति कोषको व्यवस्था गरिने छ । साथै हरेक स्वास्थ्य संस्थामा कम्तिमा पनि एक जना दक्ष प्रसुतिकर्मीको व्यवस्था गरिने छ ।

११३. नगरपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक ऐन, नियमावली, कार्यविधि र निर्देशिका निर्माण गरि लागु गरिने छ ।

११४. यस नगरपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११५. महिला स्वास्थ्य स्वयम्सेवीका, आमा समूह र अन्य स्वास्थ्य स्वयमसेवकहरुको क्षमता विकास गरि मातृशिशु स्वास्थ्य र परिवार नियोजन तथा जनस्वास्थ्यका कार्यक्रमहरुमा उनीहरुको क्षमताको प्रभावकारी रुपमा उपयोग गरिने छ ।

११६. यस नगरपालिका भित्र स्वास्थ्य क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरुसँग सहकार्य गरि उनीहरुसँग रहेको साधन र श्रोतको अधिकतम परिचालन गरि स्वास्थ्य क्षेत्रमा लगानी विस्तार गरिने छ ।

११७. गत आ.व.२०७६।०७७ देखि नगरपालीकाले सञ्चालनमा ल्याएको घरदैलो अभियान कार्यक्रमलाई यस आ.व.मा पनि अझै व्यवस्थीत तथा प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

११८. यस नगरपालिकाको अनुदान कार्यविधि २०७४ बमोजिम विभिन्न सरकारी निकायहरुलाई दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

११९. १५ सैयाको विन्द्रासैनी अस्पताललाई आवश्यक जनशक्ति व्यवस्थापन गरि व्यवस्थित रुपमा आधारभूत स्वास्थ्य सेवा सुचारु गरिने छ । कोभिड-१९ नियन्त्रणको लागि आवश्यकता अनुसार क्वारेनटाइन तथा आइसोलेसन निर्माण गरि मापदण्ड अनुसारको बनाइने छ । होम क्वारेनटाइन र होम आइसोलेसनलाई ग्राह्यता दिइने छ ।

१२०. कोभिड-१९ बाट बच्न र बचाउन नगरबासीहरुको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न अपनाइएको घरेलु उपचार तथा वैकल्पिक चिकित्सा पद्धतिको व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२१. सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र यस नगरपालिकाको साझेदारीमा विगत चार वर्षदेखि कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तता दिइनेछ ।

१२२. कोभिड -१९ को महामारीबाट प्रभावित सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुलाई क्वारेनटाइन र आइसोलेसनमा बस्दा कुषोषित हुन नदिनका लागि थप पोषणयुक्त खाना व्यवस्था, छुट्टै महिलामैत्री, बालमैत्री, किशोरीमैत्री क्वारेनटाइन र आइसोलेसनको व्यवस्था, राहत सामग्री वितरण गर्दा विपन्न सुनौलो हजार दिनको परिवारलाई प्राथमिकता दिई पोषणयुक्त सामग्रीको वितरणको व्यवस्था गरिनुका साथै भारत लगाएत तेश्रो मुलूक तथा अन्य स्थानबाट यस नगरपालिकामा आउने गर्भवति, सुत्केरी तथा बालबालिकाहरुलाई पहिलो प्राथमिकता दिइ चेकजाँच गर्ने वातावरणको सुनिश्चितता गरिनेछ ।

१२३. नगर तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई अझ बढी सक्रिय बनाई पोषण विशेष तथा पोषण सम्वेदनशील कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै विषयगत शाखाहरुको वार्षिक कार्यक्रममा पोषणका क्रियाकलापहरु अनिवार्य रुपमा समावेश गरि विपन्न सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको घरपरिवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

१२४. नेपाल सरकारबाट आ.व.०७७/०७८ मा पोषणमैत्री टोल स्थापनाको लागि विशेष अनुदान स्वरुप बजेट प्राप्त भएको र यस नगरपालिकालाई आगामी दुई वर्ष भित्रमा पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्यका साथ आ.ब २०७७/०७८ मा सो अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिएकोमा यस आ.व.०७८/०७९ मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१२५. प्रत्येक वडाका १/१ टोललाई पोषणमैत्री टोल घोषणा गर्ने लक्ष्यका साथ बहुक्षेत्रीय पोषण कार्यक्रम सघन रुपमा सञ्चालन गरिनेछ । सोका लागि यस नगरपालिका र विभिन्न विकास साझेदार निकायहरुसँग समन्वय र सहकार्य गरि काम गरिनेछ ।

१२६. यस नगरपालिकाले प्रदान गर्ने क्षमता विकास सम्बन्धी कार्यक्रम, कोभिड -१९ को महामारीबाट परेको प्रभावलाई न्यूनिकरण गर्न दिइने जिविकोपार्जन सम्बन्धी अनुदान/कार्यक्रम लगायतका कार्यक्रममा विपन्न सुनौलो हजार दिनका महिला, बालबालिका र किशोरीहरुको घरपरिवारलाई प्राथमिकता दिइनेछ ।

## पूर्वाधार विकास तर्फ

***"रोजगारमूलक तथा वातावरणमैत्री विकास, उज्यालो नगर, फराकिलो सडक फराकिलो मन, जैविक मैत्री आयमूलक हरियाली सडक र विकासमा स्तरोन्ती नै नगरको पूर्वाधार विकासको नीति रहेको छ ।"***

१२७. आ.व. २०७४/०७५ देखि नगरपालिकाले अपनाउँदै आएको जैविकमैत्री हरियाली सडक निर्माण गर्ने अभियानलाई आ.व. २०७८/०७९ मा पनि निरन्तरता दिदैं साँगेताडा पाल्त सडकको दाँया बाँया १ हजार ८ वरपिपल रोपण गर्ने कार्य र अन्य सहायक सडकहरुलाई जैविकमैत्री हरियाली सडक निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ । सडकको लागत अनुमान तयार गर्दा नै वायोइन्जिनियरिङलाई समावेश गरि तयार गर्ने नीति लिइने छ ।

१२८. आ.व. २०७७/०७८ सम्म बनिसकेका (ट्रयाक खोलिएका) सडकहरु नगरपालिकाको कार्यालय तथा मुख्य राजमार्गहरुवाट वडा कार्यालय, स्वास्थ्य संस्थाको केन्द्रसम्म जोड्ने सडकहरुलाई बाह्रै महिना सञ्चालन हुने गरि सडकको मापदण्ड भित्र रही सडक स्तरोन्नती गर्ने, उक्त सडक निर्माण कार्य उपभोक्ता समित वा उपभोक्ताहरु मार्फत गर्दा हेभी इक्युमेन्टहरुको प्रयोग नगरि प्रत्यक्ष उपभोक्ताहरुलाई लाभ हुने गरि रोजगारमूलक, जैविकमैत्री हरियाली आयमूलक कार्यहरु गर्ने गरि सञ्चालन गरिने छ ।

१२९. नगरपालिका भित्र निर्माण गरिने सडकहरुको न्यूनतम सडक मापदण्ड पुरा गरि नयाँ निर्माणभन्दा सडक मर्मत सम्भार तथा स्तरोन्नतीको काम गरि मापदण्ड पुरा भएका सडकहरुको दाँया बाँया वृक्षारोपण तथा वायोइन्जिनियरिङ्गको काम गरिने छ ।

१३०. आ.व. २०७८/०७९ मा यस नगरपालिका भित्र निर्माण गरिने संरचनाहरु र भवन निर्माण, भवन निर्माण मापदण्डभित्र रहि नक्सापास गरि भुकम्प प्रतिरोधात्मक संरचनाहरुको निर्माण गर्ने, नगरपालिकाको भवन निर्माण सम्वन्धी मापदण्डको आधारमा भवन निर्माण गर्दा अनिवार्य रुपमा अनुमति लिएर भवन निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

१३१. यस नगरपालिका भित्र डि.पी.आर. तयार भएका नगर गौरवका योजनाहरु (सांगेतडा पाल्त सडक, कर्णाली विन्द्रासैनी लिफ्ट खानेपानी, मजुवा खानेपानी, नगरपार्क, पोखेखाल खेलमैदान, विन्द्रासैनी खेलमैदान, नगर भवन, विन्द्रासैनी अस्पताल, वडा कार्यालयहरु, चामुण्डा कृषि कलेज, बसपार्क, ट्रक पार्क, टेम्फो पार्क, विद्युत विस्तार, वौद्ध विहार) डि.पी.आर. अनुसार बजेट विनियोजिन गरि क्रमागत बहुवर्षीय योजना बनाई आगामी दुई वर्ष भित्र निर्माण कार्य सञ्चालन गरि सम्पन्न गरिने छ ।

१३२. यस नगरपालिका भित्र विषेश गरि साँगेतडा-पाल्त सडक खण्डको साँगेतडा देखि तिजडाडा बसपार्कसम्म सडकको दाँयावाँया तथा सडक छेउछाउका नीजि तथा सार्वजनिक स्थानमा अव्यवस्थित रुपमा बस्दै आएका बस्तिहरुलाई नगरपालिकाको भवन निर्माण मापदण्डको दायरामा ल्याई व्यवस्थितरुपमा बस्ति विस्तार गर्नको लागि भवन निर्माणको मापदण्ड तयारी तथा करको वर्गीकरण गरि न्युनतम राजस्व लिई नगरपाकिलकामा भवन दर्ता गर्न करको दायरामा ल्याइने छ र अव्यवस्थित बस्तिलाई व्यवस्थित गर्नको लागि भुमी सम्बन्धी समस्या समाधान आयोगसँगको सहकार्यमा आवश्यक प्रक्रिया अगाडि बढाइने छ ।

१३३. यस नगरपालिकामा अन्य पूर्वाधार विकास निर्माण कार्यक्रमहरु सञ्चालन गर्नको लागि विगतका नीतिलाई निरन्तरता दिईने छ ।

१३४. यस नगरपालिकाका सबै वडाहरुलाई छुने गरि सांगेतडा देखि तिजडाँडासम्मको सडक मर्मत गरि नियमित नगरबस सेवा सञ्चालन गरिनेछ । साथै यस नगरपालिका र दुल्लु नगरपालिकाको बीच भगीनी सम्बन्ध कायम भइसकेकोले सो नगरपालिकासँग आवश्यक समझदारी गरि जम्बुकाँध देखि दुल्लुसम्म नगरबस सेवालाई विस्तार गरिने छ ।

१३५. ग्रामीण सामुदायिक विद्युतीकरण साँझेदारी कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अघि बढाइने छ र माथिल्लो कर्णाली जलविद्युत आयोजनाको प्रभावित क्षेत्रका (यस नगरपालिकाको वडा नं. १ देखि ९ सम्ममा) प्रभावित नागरिकहरुको रोजगारीको ग्यारेण्टी गर्नका लागि आयोजनासँग पहल गर्ने । साथै हाइड्रो तथा विद्युत सम्बन्धी तालिमको व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

१३६. वडा नं. २ को सिरौलमा विधुत प्रसारण लाइन विस्तार गर्दा यस नगरपालिकाको वडा नं. ४ हुँदै विस्तार गरिने छ ।

१३७. **"एक वडा एक खेल मैदान तथा एक टोल एक खेलमैदान निर्माण"** नीतिलाई निरन्तरता दिइने छ ।

१३८. नेपाल सरकार र कर्णाली प्रदेश सरकारको समन्वयमा सामुदायिक भवन बनाउने नीति अवलम्बन गरिने छ ।

१३९. वडा नं. ३ को सिमलसेरा देखि भलायतडा सिँचाई नहरलाई नगर गौरवको योजनाको रुपमा सञ्चालन गरिने छ ।

१४०. यस नगरपालिका अन्तर्गत सडकहरु : कर्णाली राजमार्ग, पुष्पलाल मध्यपहाडि लोकमार्ग, साँगेतडा पाल्त सडक तथा अन्य सहायक सडकहरुको लगत कट्टाको लागि सम्बन्धित निकायसँग पहल गरिने छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ

१४१. नगरपालिका क्षेत्रभित्रका सडक किनारामा वातावरणीय अनुकूलताका आधारमा वृक्षरोपण गरि आयमूलक जैविकमैत्री हरियाली सडक निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४२. **"एक जनप्रतिनिधी एक संरक्षित वन कार्यक्रम"** लाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ ।

१४३. यस नगरपालिकामा हुन सक्ने विपद्जन्य घटनाहरुबाट हुन सक्ने क्षतिको आँकलन, बजेट व्यवस्थापन र प्रतिकार्यका लागि जनप्रतिनिधि र स्वयम्सेवक परिचालन गरिने छ ।

१४४. जैविकमैत्री, हरियाली तथा आयमूलक वन कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिने छ ।

१४५. नगरपालिका क्षेत्रभित्रका नाङ्गा डाँडाहरुमा अनुकूलित फलफूल, जडिबुटी तथा अन्य बिरुवाहरुको वृक्षारोपण गरिनेछ ।

१४६. नगरपालिका क्षेत्रभित्रका वन उपभोक्ता समितिहरुलाई वन संरक्षणका लागि थप जिम्मेवार बनाउन निश्चित समय निर्धारण गरि क्षमता विकास सम्बन्धी नगरस्तरीय गोष्ठी सञ्चालन गरिनेछ ।

१४७. बढ्दो जलवायु परिवर्तनको असरका कारण नदिको कटान तथा क्षयीकरणको उच्च जोखिममा रहेका खेतीयोग्य जमिनको संरक्षणका लागि नेपाल सरकार, कर्णाली प्रदेश सरकार र विकास साँझेदारहरुसँगको समन्वयमा आवश्यक तटबन्धको व्यवस्था गरिनेछ ।

१४८. बढ्दो भौतिक पूर्वाधार निर्माणका कारण वातावरणमा परेको प्रभावलाई न्यूनीकरण गर्नका लागि पूर्वाधार निर्माण गर्नु पुर्व वातावरणीय प्रभाव मूल्यांकनलाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ ।

१४९. नगरपालिका क्षेत्रमा विद्यमान रैथाने प्रजातिका फलफूल, बोटविरुवा तथा अन्य वनस्पति र वन्यजन्तुहरुको संरक्षणका लागि उचित पहल गरिनेछ । साथै चिउरी खेतीलाई व्यवसायीकरण गर्न प्रोत्साहन गरिने छ ।

१५०. जलचर संरक्षण ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५१. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक निकाय, कार्यालय तथा संस्थाहरुको कम्पाउण्डमा अनिवार्य रुपमा वृक्षारोपण गर्ने नीति अवलम्बन गरिनेछ ।

१५२. सफा र स्वच्छ नगर निर्माण गर्न फोहोर व्यवस्थापनका लागि डम्पिङ साइडको निर्माण गरिनेछ ।

१५३. नगरपालिका क्षेत्रभित्र रहेका नाङ्गा डाँडाहरुमा सुख्खा पोखरी निर्माण गरिनेछ ।

१५४. अचानक आइपर्ने विभिन्न प्रकृतिका विपद्बाट प्रत्यक्ष प्रभावित, न्यून आय भएका गरिब तथा अति विपन्न परिवारका नागरिकहरुलाई तत्काल उद्धार, राहत वितरण तथा पुनःस्थापित गर्नका लागि स्थापित नगर स्तरीय विपद् व्यवस्थापन कोषलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१५५. पर्यटन प्रबर्द्धन गर्न यस नगरपालिका वडा नं. ५ र ६ मा पर्ने सामुदायिक वन क्षेत्र भित्र निर्माणाधीन नगरपार्कमा विभिन्न संरचनाहरु निर्माण गरिने छ ।

१५६. पर्यटन प्रवर्द्धन गर्न यस नगरपालिका वडा नं. १ स्थित सिस्नेरीमा रहेको वौद्ध विहारको डि.पि.आर. तयार भई सकेकोले विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर) मा उल्लेखित कार्य गरिने छ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फ

१५७. आगामी आर्थिक वर्ष देखि यस नगरपालिकामा डिजिटल नोटिस बोर्ड तथा अडियो नोटिस बोर्डको जडान गरि सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ । साथै यस नगरपालिकाको विद्युतीय प्रोफाइल तयार गरिने छ ।

१५८. विद्युतीय सरकारको अवधारणा अनुरुप नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा रहेका सार्वजनिक महत्वका सूचनाहरुलाई वेवसाइटको माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

१५९. प्रत्येक वडा कार्यालयमा रहेको इन्टरनेटको क्षमता अभिवृद्धि गरि अनलाईन घटनादर्ता कार्यलाई अनिवार्य गरिने छ ।

१६०. प्रत्येक नेपालीको बैंक खाता खोल्ने नेपाल सरकारको अभियानलाई प्रोत्साहन दिदै यस नगरपालिकाबाट सामाजिक सूरक्षा भत्ता प्राप्त गर्ने सबै नागरिकहरुलाई बैंक मार्फत सामाजिक सूरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१६१. कार्यालयबाट दैनिक रुपमा प्रवाह गरिने सार्वजनिक सेवालाई छिटो छरितो, गुणस्तरयुक्त र प्रभावकारी बनाउन, साथै सूचना संकलन कार्यलाई मितव्ययी र विश्वसनीय बनाउन आधुनिक सफ्टवेयरको प्रयोग गरिनेछ ।

१६२. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन विद्युतीय प्रविधि प्रयोग गरिने छ । सेवा प्रवाहलाई चुस्तदुरुस्त पारदर्शी, प्रभावकारी बनाउन कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्ने परिपाटिको विकास गरिने छ ।

१६३. विषयगत समिति र शाखाहरुलाई सम्बन्धित विषय क्षेत्रको विशेषज्ञको सहयोगमा नगर रणनीतिक योजना जस्ता विषय समेटि आवधिक योजना तयार गरिने छ ।

१६४. यस नगरकार्यपालिकाको कार्यालय, सबै विषयगत शाखा र सबै वडा कार्यालयहरुमा नागरिक बडापत्र टाँस गरि सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाइने छ ।

१६५. आ.व.०७४/०७५ देखि आ.व.०७८/०७९ सम्म यस नगरपालिकाले गरेका र गर्ने कार्यहरुको प्रकाशन गरिने छ ।

१६६. नगर प्रहरी गठन तथा परिचालन गरि शान्ति सुरक्षालाई थप प्रभावकारी बनाइने छ ।

१६७. यस नगरपालिकाबाट नियूक्ति पाएका विभिन्न क्षेत्रका कर्मचारीहरुको मासिक तलब भत्तामा रु दुई हजारका दरले वृद्धि गरिने छ ।

१६८. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय स्तरमा न्याय सम्पादन प्रणालीलाई व्यवस्थित गर्न न्यायिक समितिको क्षमता अभिवृद्धि तथा संस्थागत विकास गरि सचिवालयमा आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ ।

१६९. यस नगरपालिका क्षेत्रमा ल्याडलाइन टेलिफोन सेवा विस्तारका लागि सम्बन्धित निकायहरुसँग पहल गरिने छ ।

१७०. यस नगपालिकाको बजारको वस्तु तथा सेवाको गुणस्तर नियमन गर्न बजार अनुगमन नीतिलाई व्यवस्थित तथा प्रभावकारी बनाइने छ ।

१७१. स्थानीय स्तरका पत्रकारहरुलाई पत्रकारीता क्षेत्रमा योगदान पुऱ्याए बापत उचित प्रोत्साहनको व्यवस्था गरिने छ ।

१७२. यस नगरपालिका क्षेत्रमा सञ्चालित होटल व्यवसायलाई व्यवस्थित गर्न मापदण्ड बनाई कार्यान्वयन गरिने छ र होटलहरुले स्थानीय खानाको मेनु राख्नु पर्ने नीति अपनाइने छ ।

"आधुनिक कृषि, कृषिमा आधारित उद्योग, पर्यटन तथा पूर्वाधार : चामुण्डाविन्द्रासैनी नगरपालिका सम्वृद्धिको आधार"